# रंगेली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### रंगेली मोरङ्ग
### १ नं. प्रदेश, नेपाल

# औषधी सामाग्री खरिदको लागि दरभाउपत्र आह्वान गरिएको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०७/२९)**

यस नगरपालिका अन्तर्गत स्वास्थ्य सँस्थाहरुबाट निःशुल्क रूपमा वितरण गरिने औषधी सामाग्रीहरु E-Bidding माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाणपत्र (आ.व. २०७८/७९ सम्म नविकरण गरिएको) स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (०७७/७८ वा म्याद थप) लगायत कागजातहरुको प्रतिलिपी संलग्न गरी निम्न शर्तको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले तपसिल बमोजिम दरभाउपत्रको हकमा १६ औं दिन दिनको १२.०० बजे सम्म PPMO/EGP/NP मा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह १.०० बजे पछि खोलिने छ।

**तपसिल**

| सि.नं. | सामानको विवरण | ल.ई. रकम | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | कैफीयत |
|---|---|---|---|---|---|
| १ | निःशुल्क वितरण गरिने औषधीहरू | ३००२७०१.५० | ७५०००.०० | १०००.०० | |

**शर्तहरू**

१. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट गरिनेछ।

२. सार्वजनिक खरिद ऐन, २०६३ र नियमाली २०६४ अनुसार रित नपुगेका र समयमा दर्ता नभएका प्रस्तावहरू उपर कुनै कार्यवाही गरिने छैन। दरभाउपत्रमा उल्लेख भएका औषधीको परिमाण कार्यालयको आवश्यक्ता अनुसार थपघट गर्न सकिनेछ।

३. दरभाउपत्र दाताले फाराम दस्तुर वापतको रकम रंगेली नगरपालिकाको नाममा रहेको कृषि विकास वैंकमा रहेको राजस्व खाता नं. ग (१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरेको भौचर संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र दाताले धरौटी वापतको रकम कृषि विकास वैंकमा रहेको रंगेली नगरपालिकाको धरौटी खाता नं. ग (३.१) ०६०१४०११५०२५७०७९ मा जम्मा गरेको भौचरको वा वोलपत्र दर्ता गर्ने अंतिम दिन देखी १२० दिन मान्यता अवधि भएको नेपाल सरकारबाट मान्ता प्राप्त बैंकको बैंक ग्यारेन्टी संलग्न गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

५. औषधीको दररेट मु.अ.कर बाहेकको भर्नुपर्नेछ।

६. दरभाउपत्र साथ विश्वसनिय कम्पनीका औषधीको नाम औषधी व्यवस्था विभागमा रजिष्टर भएको हुनु पर्नेछ।

७. दरभाउपत्र पेश गर्दा कार्यालयले तोकेको समय भित्र बुझाउनु पर्ने छ।

८. स्वीकृत दरभाउपत्र अनुसारको औषधी तथा सामाग्रीहरू एकमुष्ट वा आवश्यक्ता अनुसार पटक पटक अर्डर दिई खरिद गरिनेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

१०. थप जानकारीको लागि नगरपालिकाको स्वास्थ्य शाखामा वा वेवसाइट www.rangelimun.gov.np मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**